# विकास र जे.टी.ए.

© गान्धि राज भट्टराई

हरि प्रसाद अर्याल
सिंगो कृषि क्रान्तिका
एउटा सिंगो इतिहास
तर कागतका पानाहरुमा
कहिल्यै उनी लेखिएनन्
गोर्खा दक्षिण वाहु
दैवी प्रकोप उद्धार पदक
सेवा पदकको सुचीमा
कहिल्यै उनी देखिएनन्
तर दुरुस्त छन् उनका इतिहास
धनराज र रातमाटे माइलाका स्मृतिमा
पौडेल कान्छा र सोम प्रसादका सम्झनामा

कम्मरमा एउटा झोला
अलिकति बीउका प्याकेट
सानो कृषि डायरी
थुप्रै किसानका नाम ठेगाना
हरबखत गाउं डुल्ने
तत्कालीन हरि प्रसाद अर्यालको पहिचान
अर्जेल जे.टी.ए.

अर्जेल जे.टी.ए.
कहिल्यै हाकिम भएनन्
भरखर जुंगाको रेखी बस्दा
उनी विकासे जे.टी.ए. बनेका थिए
कृषि विकासका लागि खुलेका
सरकारी झोले अफिस बोकेर हिंडेका थिए
गाउंलेहरुको मन जित्दै
जे.टी.ए. नानी भएका थिए
अनभव र उमेरको चढाव संगै
उनी जे.टी.ए. बाबु भएका थिए

उनका उपलब्धीहरु,
अठार सालमा आर आर २१ भियाए
बीस सालमा रासायनिक मल भिजाए
चालिस बर्ष अघि
उनले शुरु गरेको काम
नाति केटा यतिखेर जांचको लागि
घोक्दैछ
जांच त उनले पनि दिएका थिए
हिउंदमा खेत खाली राख्दै

वर्षापछि आधि पेट खानेहरुलाई
गहुंखेती गराउंदा
झण्डै फेल भएका थिए
चिनीमल र गेडेमल छर्न नचाहनेहरुलाई
सम्झाउंदा
झण्डै पागल भएका थिए
राती राती लुकेर
विषादी र मल छर्किदिंदा
झण्डै पकाउ परेका थिए

यतिखेर उनको गाउं
कृषि विकासको नमुना बनेको छ
अहिले पनि विकासे जे.टी.ए. हरु छन्
कृषि, भेट्नरी, वागवानी, बाली संरक्षण
के के हो के के?
अचेत त सेवाकेन्द्रमा हाकिमको दरवन्दी पनि छ
दुलैपानीको डंडेसोमा बनेका
अजंगका पक्की घरहरुमा
सेवा केन्द्र समेटिएको छ
अनि त्यहांका कमचारीहरुलाई
हाकिम साहब भन्न थालिएको छ ।

*अवर्न विश्वविद्यालय, अलावामा*
*सेप्टेम्बर १८, २००२*

*प्रथम प्रकाशित*
**सुस्केरा डट कम, सेप्टेम्बर २००२**
http://www.suskera.com